## मिति २०८१।०७।२५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को चौथो नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** गैंडाकोट स्वास्थ्य चौकीलाई आधारभुत अस्पतालको रुपमा सञ्चालन गर्ने प्रयोजनको लागि देहाय बमोजिमका आवश्यक पर्ने जनशक्ति करार सेवामा व्यवस्थापनको लागि विज्ञापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**तपसिलः**

मेडिकल डाक्टर - २ जना

रेडियोग्राफर - १ जना

फार्मेसी सहायक - १ जना

ल्यावटेक्निसियन - १ जना

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८१ लाई बैठकमा प्रस्तुत गरियो र आगामी बैठकमा थप राय सुझाव सहित पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.३** गैंडाकोट नगरपालिका वडा नं. ३ को वडा कार्यालयको च.नं. १५५ मिति २०८१/०५/३१ को पत्र एवं नगरस्तरीय नदीजन्य पदार्थ तथा व्यक्तिका निजी, नम्बरी,आवादी जग्गाहरुबाट समेत साधारण निर्माणमुखी पदार्थ (ढुगां, गिट्टी, बालुवा, माटो) लगायतका सामाग्री उत्खनन, संकलन तथा बिक्री निर्देशक समितिको मिति २०८१।०६।२३ गतेको बैठकबाट निर्णय भई पेश हुन आएको र सम्बन्धित जग्गाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा IEE प्रतिवेदनका आधारमा गैडाकोट नगरपालिका वडा नं ३ निवासी अमप्रिता रामजाली मगरको निज कै नाममा दर्ता कायम रहेको हाल गैंडाकोट-३ (साविक बेल्डीहा २'घ' कि.नं ६९, क्षेत्रफल १-११-३-३) को जग्गामा ढिस्को भाको हुँदा उक्त ढिस्को सम्मयाई घडेरी समेत एवं खेतीयोग्य जग्गा बनाउनु पर्ने हुँदा उक्त कार्य गर्न यान्त्रिक उपकरण प्रयोग गरी सो कार्य गर्दाको माटो अन्यत्र हटाउन गण्डकी प्रदेश सरकारको आ.व.२०८१/०८२ को आर्थिक ऐन अनुसारको राजश्व एवं वार्षिक रुपमा लाग्ने ढुवानी साधन दर्ता शुल्क लिई अनुमति दिने निर्णय गरियो।

**निर्णय नं.४** आ.व.२०८१/०८२ को आन्तरिक आय ठेक्का व्यवस्थापनका लागि गैंडाकोट नगर क्षेत्र भित्रको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्ने प्रयोजनका लागि गैंडाकोट नगर क्षेत्र भित्रका महेश्वर खोला,जयश्री खोला,बेल्डिया खोला , झरही खोला, कालीगण्डकी नदी र नारायणी नदीका उपयुक्त स्थानहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.५** गैंडाकोट नगरपालिका वडा नं. ६ निवासी भगवती चालिसेको क्यान्सर जन्य रोगका कारण वि.पि. मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनमा उपचारार्थ रहेको र आर्थिक अवस्था कमजोर समेत रहेकोले निजको औषधी उपचारको लागि रु.५० हजार आकस्मिक उद्धार, राहात तथा पुनस्थापना खर्च शिर्षकबाट आर्थिक सहयोग दिने निर्णय गरियो।

**निर्णय नं.६** मालपोत कार्यालय कावासोतीबाट माग भई आए अनुसार सेवा प्रवाहलाई छिटो छरितो गर्ने प्रयोजनका लागि विद्युत प्रवाहको बैकल्पिक स्रोत व्यवस्थापन गर्न ५ थान सोलार प्यानलको ब्याट्री उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.७** नेपाल मगर संघ गैंडाकोट नगर समितिबाट माग भई आए अनुसार स्मारिका प्रकाशनको लागि रु. ४० हजार

गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं.८** गैंडाकोट नगरपालिकाको नगर खेलकुद विकास समिति,ऐनको दफा ३ (घ( बमोजिम विगतमा नगरस्तर तथा जिल्लास्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई तीन वर्ष काम गरेको व्यक्ति मध्ये दुई जना महिला सहित नगर कार्यपालिकाले मनोनित गरेको अलग अलग खेलकुद प्रतिनिधित्व हुने गरी ७ जना मध्ये मिति २०८१।०६।२० गते बसेको तेस्रो नगर कार्यपालिकाको बैठकबाट भएको निर्णयमा १ जना सदस्य श्री नर बहादुर थापा, गैंडाकोट ८ को सट्टा श्री गौरव प्रताप गुरुङग गैंडाकोटलाई सदस्यमा चयन गर्ने ६- र सदस्य श्री दुर्गा घीमिरेको नाम डिल कुमारी घिमिरे हुनुपर्नेमा अन्यथा भएकोमा संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** गैंडाकोट नगरपालिका वडा नं. १८ को वडा कार्यालयको च.नं. २२१ र २२२ मिति २०८१/०७/०२ को पत्र एवं नगरस्तरीय नदीजन्य पदार्थ तथा व्यक्तिका निजी, नम्बरी,आवादी जग्गाहरुबाट समेत साधारण निर्माणमुखी पदार्थ (ढुगां, गिट्टी, बालुवा, माटो) लगायतका सामाग्री उत्खनन, संकलन तथा बिक्री निर्देशक समितिको मिति २०८१।७।५ र ६ गतेको बैठकबाट निर्णय भई पेश हुन आएको र सम्बन्धित जग्गाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र IEE प्रतिवेदनका आधारमा गैडाकोट नगरपालिका वडा नं १८ निवासी बखान सिं आले मगर,झविसरा आले, लाल बहादुर चितौरे मगरको निज कै नाममा दर्ता कायम रहेको हाल गैंडाकोट-१८ (साविक कोठथर कि.नं ८३,३०२ र ३०४ को जग्गामा रहेको ढुंगा उत्खनन गरी खेतीयोग्य जग्गा बनाउनु पर्ने हुँदा उक्त कार्य गर्न यान्त्रिक उपकरण प्रयोग गरी सो कार्य गर्दाको ढुंगा अन्यत्र हटाउन गण्डकी प्रदेश सरकारको आ.व.२०८१/०८२ को आर्थिक ऐन अनुसारको राजश्व एवं वार्षिक रुपमा लाग्ने ढुवानी साधन दर्ता शुल्क लिई अनुमति दिने निर्णय गरियो |

**निर्णय नं.१०** गैंडाकोट नगरपालिका क्षेत्रमा पर्ने राजमार्गका विभिन्न स्थानहरुमा सुरक्षा निकायहरुले दिएको सुझाव अनुसार सुरक्षाको दृष्ट्रिकोणले बढी भिडभाड हुने एवं संवेदनशील रहेका चोकहरुमा सि.सि.क्यामेरा जडान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.११** गैंडाकोट नगरपालिका भित्र बसोबास गर्ने नगरवासीहरुको लागि छिटो, छरितो, सुलभ एवं गुणस्तरीय स्वास्थ्य उपचार तथा सेवा उपलब्ध गराउने दृष्टिकोणले चितवन मेडिकल कलेज (CMC) भरतपुरसंग गैंडाकोट नगरपालिकाको तर्फबाट सहायता प्रतिशतको सुनिश्चतता गरी सम्झौता प्रक्रिया अगाडी बढाउन श्रीमान् नगर प्रमुखज्यूलाई अनुरोध गर्ने निर्णय गर्ने गरियो।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिकाको मिति २०८१।०५।१९ गते बसेको आ.व.२०८१/०८२ को दोस्रो नगर कार्यपालिका बैठकबाट गैंडाकोट जेसिजको आतिथ्यतामा आयोजित क्षेत्र 'घ' सम्मेलन कार्यक्रमको लागि यस नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्ने प्रयोजनका लागि नगरपालिकाको तर्फबाट रु. ९(नौं) लाख आर्थिक सहयोग अन्य संस्था सहायता शिर्षकबाट भुक्तानी दिने भएको निर्णयलाई संशोधन गर्दै गैंडाकोट वडा नं. ७ मा रहेको जेसिज भवन निर्माण गर्ने प्रयोजनका लागि सोही शिर्षकबाट भुक्तानी हुनेगरी शिर्षक संशोधन गर्ने निर्णय गरियो।

कोइराला

अधिकारी
प्रमुख